# मिक्लाजुङ गाउँपालिका

## आर्थिक ऐन, २०७५

### गाउँसभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**मिक्लाजुङ गाउँपालिका**

**रबि, पाँचथर**

प्रमाणित

२०७५/०३/१०

अमरराज माखिम
अध्यक्ष

# मिक्लाजुङ गाउँपालिकाको आर्थिक ऐन, २०७५

**मिक्लाजुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** मिक्लाजुङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मिक्लाजुङ गाउँ सभासभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मिक्लाजुङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** मिक्लाजुङ गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: मिक्लाजुङ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**ः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**ः मिक्लाजुङ गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** यस गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** मिक्लाजुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुने छ ।

अमरराज माखिम
अध्यक्ष

## नोट १: अतिरिक्त कर सम्बन्धमा

१. कुल जग्गा ५ रोपनीभन्दा कम भएमा एकमुष्ठ रु १० तिर्नुपर्नेछ। साथै रु १० कमको रसिद काटिने छैन ।

२. ५ रोपनी वा सोभन्दा बढी ३० रोपनीसम्म जग्गा भएमा अन्य थप कर लाग्ने छैन ।

३. ३० रोपनीभन्दा बढी ५० रोपनीसम्म जग्गा भएमा थप २०% अतिरिक्त कर लाग्नेछ ।

४. ५० रोपनीभन्दा बढी ८० रोपनीसम्म जग्गा भएमा थप ३०% अतिरिक्त कर लाग्नेछ ।

५. ८० रोपनीभन्दा बढी १०० रोपनीसम्म जग्गा भएमा थप ४०% अतिरिक्त कर लाग्नेछ ।

५. १०० रोपनीभन्दा बढी जग्गा भएमा थप ५०% अतिरिक्त कर लाग्नेछ ।

## नोट २: जरिवाना सम्बन्धमा ।

१. हरेक आ.व.को मालपोत सालवसाली रुपमा आ.व. नसकिदै बुझाउनु पर्ने छ। सो नबुझाए **निम्न जरिवाना लाग्नेछ ।**

१. पहिलो वर्ष भए १०%

२. दोस्रो वर्ष भए २०%

३. तेस्रो वर्ष भए ३०%

४. चौथो वर्ष भए ४०%

५. पाँचौ वर्ष भए ५०%

६. छैठौ वर्ष भए ६०%

७. सातौ वर्ष भए ७०%

८. आठौ वर्ष भए ८०%

९. नवौ वर्ष भए ९०%

१०) दसौ वर्ष भए १००%

११) र सोभन्दा बढी जतिसुकै वर्षको बक्यौता भए पनि १२५% जरिवाना लाग्नेछ ।

## अनुसुची १

### दफा २ सँग सम्बन्धित

### घरजग्गा (घरधुरी) करका दर (वार्षिक)

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दुई वा सोभन्दा बढी तला भएको पक्की घर | ८५० | |
| २ | अर्ध पक्की घर (एक तला पक्की माथी) | ६५० | |
| ३ | एक तले पक्की घर | ५५० | |
| ४ | अर्ध पक्की घर | ४५० | |
| ५ | जस्ताको छानो भएको घर ३ कोठाभन्दा माथी | ३५० | |
| ६ | जस्ताको छानो भएको घर ३ कोठासम्मको | ३०० | |
| ७ | टाईल, खर वा परालको छानो भएको घर | ३०० | |

## अनुसुची २

### दफा ३ सँग सम्बन्धित

### भूमी कर (मालपोत ) दर (प्रतिरोपनी)

| | मालपोत दर | | |
|---|---|---|---|
| | ग्रामीण क्षेत्र | | |
| | | खेत (प्रति रोपनी) | पाखोबारी (प्रति रोपनी) |
| क.सं. | विवरण | दर | दर |
| १ | अब्बल | १० | ६ |
| २ | दोयम | ८ | ५ |
| ३ | सिम | ६ | ३ |
| ४ | चाहर | ४ | १ |

| बजार क्षेत्र | | |
|---|---|---|
| जग्गा (प्रति आना घडेरी प्रयोजन) | | |
| क.सं. | विवरण | दर |
| १ | अब्बल | १०० |
| २ | दोयम | ८८ |
| ३ | सिम | ६० |
| ४ | चाहर | ४० |

फाखिम

अनुसुची ३

दफा ४ सँग सम्बन्धित

घर बहाल करको दर (प्रति कोठा)

| विवरण | बजारक्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|
| | दर | दर |
| पक्की | १०% | १०% |
| कच्ची | १०% | १०% |

अनुसुची ४

दफा ५ सँग सम्बन्धित

व्यवसाय करको दर

(व्यापार व्यवसायतर्फ )

| व्यवसय दर्ता कर | | | | |
|---|---|---|---|---|
| | | २ लाखसम्म | ५ लाखसम्म | १० लाख वा माथि |
| क्र.सं. | विवरण | दर | दर | दर |
| १ | किराना पसल | २०० | ५०० | १,००० |
| २ | चिया, नास्ता पसल | १०० | २०० | ३०० |
| ३ | होटल (खाना नास्ता मात्रै) | ३०० | ७०० | १,००० |
| ४ | होटल (खाने बस्ने सुविधा सहित) | ५०० | १,००० | २,००० |
| ५ | थान कपडा पसल | २०० | ७०० | १,५०० |
| ६ | हार्डवेयर तथा भाडा पसल | १,५०० | १,७०० | २,००० |
| ७ | हार्डवेयर पसल | १,००० | १,५०० | २,००० |
| ८ | तरकारी तथा फलफुल पसल | १०० | १०० | २०० |
| ९ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | २०० | ५०० | ८०० |
| १० | फेन्सी कपडा पसल | २०० | ५०० | १,००० |
| ११ | औषधी पसल | ५०० | ७५० | १,००० |
| १२ | टेलरिङ | ३०० | ५०० | १,००० |
| १३ | टेलरिङ तथा थान कपडा | ५०० | ७५० | १,००० |
| १४ | फर्निचर पसल | ५०० | १,००० | २,००० |
| १५ | ट्युसन कोचिङ सेन्टर | ५०० | ७५० | १,००० |
| १६ | मदिरा तथा किराना पसल | १,००० | १,५०० | २,००० |
| १७ | सुनचाँदी पसल | २,००० | ४,००० | ६,००० |
| १८ | सुनचाँदी मर्मत सेन्टर | ३०० | ५०० | १,००० |
| १९ | भाँडा पसल | ५०० | १,००० | १,५०० |
| २० | घडी, मोबाइल, रेडियो, लगायत इलेक्ट्रोनिक्स पसल | ५०० | १,००० | २,००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | घडी, मोबाइल, रेडियो मर्मत पसल | ३०० | ५०० | ७०० |
| २२ | ब्युटिपार्लर, हजाम | २०० | ५०० | ७०० |
| २३ | मोटरसाइकल मर्मत सेन्टर | ५०० | १,००० | १,५०० |
| २४ | मनी ट्रान्सफार | १,००० | १,५०० | २,००० |
| २५ | मासु पसल | ५०० | १,००० | १,५०० |
| २६ | कस्मेटिक पसल | ३०० | ५०० | १,००० |
| २७ | कम्युनिकेशन सेन्टर | ४०० | ६०० | १,००० |
| २८ | जुत्ता चप्पल पसल | २०० | ५०० | १,००० |
| २९ | फोटो स्टुडियो | ४०० | ६०० | १,००० |

## अनुसुची ५

### दफा ६ सँग सम्बन्धित

जडिबुटि, कबाडी र जीवजन्तु कर

| क.सं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १ | आँलैची (प्रति मन) | ५०० |
| २ | चिराईतो (प्रति मन) | २०० |
| ३ | अम्रिसो (प्रति मन) | १५ |
| ४ | आर्गेली/लोक्ता (प्रति मन) | १५ |
| ५ | सुन्तला (प्रति क्विन्टल) | ७५ |
| ६ | अदुवा (प्रति मन) | १५ |
| ७ | कागती (प्रति क्विन्टल) | १०० |
| ८ | खोर्सानी (प्रति मन) | ५० |

## अनुसुची ६

### दफा ७ सँग सम्बन्धित

सवारी साधनमा एकमुष्ठ पटके कर

| क.सं. | सडक | दर रेट | | |
|---|---|---|---|---|
| | | दर | दर | हयाभी ठुला गाडी |
| १ | रवि-लारुम्बा-दमक | २५ | ४० | ६५ |
| २ | रवि-घुर्बिसे पञ्चमी-राँके | २० | ३० | ७० |
| ३ | रवि-घुर्बिसे पञ्चमी-राँके-फिदिम | ३० | ५० | ७५ |
| ४ | रवि-कन्याटार-लेटाङ-दमक | ३० | ५० | ७५ |
| ५ | रवि-कन्याटार-बुधबारे-भेडेटार | ३० | ५० | ७५ |
| ६ | रवि-राँके-ईलाम | ३० | ५० | ७५ |
| ७ | आरुबोटे-चिसापानी-दमक | ३० | ५० | ७५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | सप्तमी-रवि-दमक | २० | ३० | ५० |
| ९ | कन्याटार-बुधबारे-दमक | २० | ३० | ५० |
| १० | लिम्बा- बुधबारे-दमक | १० | १५ | ३० |
| ११ | सराङ-रवि-दमक | ३० | ५० | ७५ |
| १२ | लिम्बा- हङ्गुम | १० | ५० | ७५ |
| १३ | दुर्दिम्बा- लेटाङ | १० | ५० | ७५ |

**एकमुष्ट पटके कर**

| **सवारीको नाम** | **बार्षिक दर** |
|---|---|
| ट्याक्टर | २५०० |
| स्काभेटर, जेसिबी, रोलर | ३५०० |
| पिकअप भ्यान | १५०० |

## अनुसुची ७

**दफा ८ सँग सम्बन्धित**

बिज्ञापन करको दर

| विवरण | होर्डिङ बोर्ड | वाल पेन्टिङ | कैफियत |
|---|---|---|---|
| प्रति वर्ग फिट | १० | ५ | |

## अनुसुची ८

**दफा ९ सँग सम्बन्धित**

मनोरञ्जन करको दर

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | |

## अनुसुची ९

**दफा १० सँग सम्बन्धित**

बहाल बिटौरी शुल्क दर

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | |

## अनुसुची १०

**दफा ११ सँग सम्बन्धित**

पार्किङ शुल्क दर

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | |

## अनुसुची ११

### दफा १२ सँग सम्बन्धित

ट्रेकिङ, कोयोकीङ, क्यानोईङ, बन्जिजम्पीङ, जिपफ्लायर र र्‍याफ्टिङ शुल्क दर

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | |

## अनुसुची १३

### दफा १४ सँग सम्बन्धित

सिफारिस, सेवा शुल्क दस्तुर

| क.सं. | विवरण | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन | १० | |
| २ | नागरिकता सम्बन्धी सिफारिस | | |
| २.१ | अनुसुची १ नगरिकता सिफारिस | २०० | |
| २.२ | अनुसुची २ प्रतिलिपि सिफारिस | ३०० | |
| २.३ | नागरिकता विवरण संशोधन | ५०० | |
| २.४ | नागरिकता सर्जमिन | ८०० | |
| ३ | जग्गाको स्रेस्ता कार्यान्वयन तथा दर्ता सिफारिस | | |
| ३.१ | बजार क्षेत्रसँग जोडिएका जग्गा प्रति रोपनी | १०० | |
| ३.२<br>३.३ | ग्राभेल सडकले जोडिएका जग्गा प्रति रोपनी<br>कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | ५०<br>२५ | |
| ३.१ | अन्य जग्गा प्रति रोपनी | २० | |
| ४ | जग्गाको चारकिल्ला प्रमाणित | | |
| ४.१ | १५ रोपनीसम्म | ५०० | |
| ४.२ | ३० रोपनीसम्म | १,००० | |
| ४.३ | ३० रोपनीभन्दा बढी | १,५०० | |
| ५ | पेन्सन सम्बन्धी सिफारिस | | |
| ५.१ | पेन्सन नामसारी | १,००० | |

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प.वि, पाँचथर
१ नं. प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ५.२ | परिवार विवरण प्रमाणित | ५०० | |
| ५.३ | हकवाला जिवित रहेको सिफारिस | ५०० | |
| ६ | घर जग्गा मुल्यांकन तथा आम्दानी प्रमाणित | | |
| ६.१ | घर जग्गाको मुल्यांकन | | |
| ६.१.१ | रु १० लाखसम्म ०.२० % | | |
| ६.१.२ | रु ५० लाखभन्दा ०.१५% | | |
| ६.१.३ | रु ५० लाखसम्म माथी ०.१० % | | |
| ६.२ | आम्दानी प्रमाणित प्रतिहजार | | |
| ६.२.१ | रु १० लाखसम्म प्रतिहजार ०.२० % | | |
| ६.२.२ | रु ५० लाखसम्म प्रतिहजार ०.१५ % | | |
| ६.२.३ | रु ५० लाखभन्दा माथी प्रतिहजार ०.१० % | | |
| | **शीर्षक** | दर | |
| ७ | घरबाटो प्रमाणित | ३०० | |
| ८ | धनीपुर्जामा घर कायम सिफारिस | ३०० | |
| ९ | जग्गा सम्बन्धी सिफारिस | | |
| ९.१ | पुर्जामा विवरण सँशोधन | ५०० | |
| ९.२ | पुर्जा हराएको | ५०० | |
| ९.३ | जग्गा नरबढी कायम | १,००० | |
| ९.४ | जग्गा नामसारी सिफारिस | ५०० | |
| ९.५ | सर्जिमिन मुचुल्का | ८०० | |
| ९.६ | धनीपुर्जामा फोटो टाँस/प्रमाणित | २०० | |
| १० | घर सार्ने तथा नीजी बनको काठ सिफारिस | | |
| १०.१ | गोलियास सर्जिमिन मुचुल्का सिफारिस | १,००० | |
| १०.२ | दाउरा प्रति कारोबार | ० | |
| १०.३ | रुख प्रति गोटा (खयर) | २०० | |
| १०.३.१ | सल्लो | १०० | |
| १०.३.२ | उत्तिस तथा अन्य | २० | |

| | | | |
|---|---|---|---|
| ११ | हातहातियार नविकरण सिफारिस प्रतिगोटा | ५०० | |
| १२ | अन्य सिफारिस | | |
| १२.१ | नाता प्रमाणित | ३५० | |
| १२.२ | स्थायी बसोबास चालचालन प्रमाणित | २०० | |
| १२.३ | जन्म, मृत्यु, बिवाहित, अबिवाहित प्रमाणित | २०० | |
| १२.४ | बैदेशिक रोजगार प्रमाणित | २०० | |
| १२.६ | कर चुक्ता प्रमाणित | १,००० | |
| १२.७ | धारा विद्युत, फोन जडान सिफारिस | ३०० | |
| १२.८ | नाबालक परिचय पत्र सिफारिस | २०० | |
| १२.९ | दुई वटा नाम प्रमाणित सिफारिस | २०० | |
| १२.१.० | आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, मधेसी, मुस्लीम सिफारिस तथा प्रमाणित | २०० | |
| १२.११ | यसमा उल्लेख नभएका सिफारिस प्रकृति हेरी | २००-५०० | |
| १३ | घर नक्सा पास | | |
| १३.१ | नयाँ घर प्रति वर्ग फुट | ३ | |
| १३.२ | पुरानो घर प्रति वर्ग फुट | २ | |
| १३.३ | कम्पाउण्ड पर्खाल प्रति वर्ग फुट | १ | |
| १४ | बिक्रि आय | | |
| १४.१ | पुराना सामान, दाउरा, काठ, विक्री | ० | |
| १४.२ | फाराम बिक्रि | १० | |
| १४.३ | ऐन, नियमावली, कार्यविधि, गाउँ पर्श्वचित्र आदि | मुल्य तोकेबमोजिम | |
| १४.४ | कार्यालयको कागजात उतार प्रतिलिपि प्रति पाना | ५ | |
| १५ | दण्ड सजाय | | |
| १५.१ | पञ्जिकरण बिलम्ब शुल्क | ५० | |
| १५.२ | पञ्जिकरण सेवा शुल्क | ५० | |
| १५.३ | पञ्जिकरण प्रतिलिपि | १०० | |

**नोट : उल्लेखित सबै प्रकारको सिफारिसलाई अंग्रेजीमा तयार गर्दा दोब्बर दस्तुर लिईनेछ ।**

<u>अनुसुची १२</u>

**दफा १३ सँग सम्बन्धित**

उद्योग व्यवसायतर्फ

| | | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा बढी |
|---|---|---|---|---|
| क.सं. | **विवरण** | दर | दर | दर |
| १ | कुटानी पिसानी मिल | २००० | ३००० | ५००० |
| २ | कृषि औजार निर्माण उद्योग | ५०० | १००० | १५०० |
| ३ | कागज उद्योग | १०० | २०० | ३०० |
| ४ | ग्रील उद्योग | ५०० | १००० | १००० |
| ५ | साना तथा लघु जलबिद्युत उद्योग | १००० | १५०० | २००० |
| ६ | दुग्ध प्रसोधन केन्द्र | २००० | २५०० | ३००० |

## <u>संस्था तर्फ</u>

**ग्रामीण क्षेत्र**

| क.सं. | शीर्षक | २ लाख सम्म | ५ लाख सम्म | १० लाख वा सोभन्दा माथी |
|---|---|---|---|---|
| | | दर | दर | दर |
| १ | | ५०० | ७०० | १००० |
| २ | संस्था दर्ता | २०० | ३०० | ५०० |
| ३ | संस्था नवीकरण तथा खारेजी | १५० | | |
| ४ | सामुदायिक विद्यालय कक्षा थप ( आधारभुत) | २०० | | |
| ५ | सामुदायिक विद्यालय कक्षा थप (माध्यमिक तह) | ३०० | | |
| ६ | निजी विद्यालय कक्षा थप (आधारभुत) | ५०० | ७०० | १००० |
| ७ | निजी विद्यालय कक्षा थप (माध्यमिक तह) | ५०० | ७०० | १००० |
| ८ | चुक्ता पुँजी थप | ५०० | ७०० | १००० |

| बजार क्षेत्र | | | | |
|---|---|---|---|---|
| क.सं. | शीर्षक | २ लाखसम्म | ५ लाखसम्म | १० लाख वा सोभन्दा माथी |
| | | दर | दर | दर |
| १ | संस्था दर्ता | १००० | २००० | ३००० |
| २ | संस्था नवीकरण तथा खारेजी | ७०० | १००० | १५०० |
| ३ | सामुदायिक विद्यालय कक्षा थप (आधारभुत) | ३०० | | |
| ४ | सामुदायिक विद्यालय कक्षा थप (माध्यमिक तह) | ४०० | | |
| ५ | निजी विद्यालय कक्षा थप (आधारभुत) | ५०० | | |
| ६ | निजी विद्यालय कक्षा थप (माध्यमिक तह) | १००० | २००० | २५०० |
| ७ | चुक्ता पुँजी थप | १००० | २००० | २५०० |

द्रष्टव्य : बजारक्षेत्र भन्नाले रवि बजार, सप्तमी बजार, दशमी बजार, आरुबोटे बजार, चिसापानी पञ्चामी, बुधबारे, उत्तरे, खान्द्रोङ, कन्याटार, लिम्बा बजार, सोमबारे दुर्दिम्बा, मंगलबारे लिम्बा बजार, साराङ बजार जस्तालाई मानिएको छ ।

## अनुसुची १३

### दफा १४ सँग सम्बन्धित

### पर्यटन शुल्क

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पछि निर्धारण गरिनेछ । | | | |

### हाट बजार कर

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | टोकरी पाँच केजि सम्मको | १० |
| २ | टोकरी पाँच केजि भन्दा बढिको | १० |
| ३ | तरकारी प्रति डोको | १० |
| ४ | तरकारी प्रति ट्रयाक्टर, पिकअप | १०० |
| ५ | सानो माछा (भारी) | ५० |
| ६ | ठुलो माछा (भारी) | १५ |

| | | |
|---|---|---|
| ७ | खसी प्रति गोटा | २५ |
| ८ | सँगुर पाठा प्रति गोटा | २५ |
| ९ | कुखुरा प्रति गोटा | १० |
| १० | मासु सुगुर | १०० |
| ११ | मासु राँगा प्रति गोटा | २०० |
| १२ | मासु खसी | १५० |
| १३ | रेडिमेड कपडा | १५ |
| १४ | किराना तथा मिठाई | १० |
| १५ | खैनी खुद्रा | १० |
| १६ | छाता मर्मत | १० |
| १७ | फलफुल बिक्रेता | २० |
| १८ | खाने तेल मट्टितेल बिक्रेता | १० |
| १९ | चटपटे बिक्रेता | १० |
| २० | सरसामानको प्रचार प्रसार | ५० |
| २१ | कुम्हाले भाडा बिक्रेता | २० |
| २२ | मिठाई प्रति पसल | १५ |
| २३ | पाउरोटी, वरफ, आईसक्रिम | १५ |
| २४ | जुत्ता चप्पलको पसल | १५ |
| २५ | ईलेक्ट्रीक्स पसल | १५ |
| २६ | अन्न प्रति भारी | १० |
| २७ | काठको सामाग्री | २० |
| २८ | कृषि औजार | १५ |
| २९ | बाँसको सामाग्री | १५ |

**नोट** : अन्य पसलहरुको हकमा प्रकृतिअनुसार कर निर्धारण गरिनेछ । साविकका बजारका पसलहरुलाई पनि रु २० को दरले हाटिय कर लिईनेछ ।